# मण्डनदेउपुर नगरपालिका
**MANDANDEUPUR MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
**Mahadevsthan**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince,
Nepal

पत्र संख्या :-२०८१/०८२
चलानी नं. :- १६३

मिति : २०८१/४/२७

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो-जससँग सम्बन्धित छ ।

काभ्रेपालञ्चोक जिल्ला मण्डनदेउपुर नगरपालिका अन्तर्गत श्री इन्द्रवती माध्यमिक विद्यालय, ज्याम्दीमा रिक्त हरेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च. नं. ०३ मिति २०८१।४।१६ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमतीसहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगानाः indrawatischool12@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुनेछैन ।

..............................
(लोकेन्द्र बहादुर विष्ट)
अधिकृतस्तर आठौं

लोकेन्द्र बहादुर विष्ट
अधिकृत आठौं

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री इन्द्रावती माध्यमिक विद्यालय, मण्डनदेउपुर नगरपालिका-१२, ज्याम्दी।

फोन नं. : ०११-४१२११४
Web Site: mandandeupurmun.gov.np, E-mail: mandandeupurmu@gmail.com